# आ.व. २०७६।०७७ को वजेट वक्तव्य

अपिहिमाल गाउँपालिका

उर्मिला बोहरा
उपाध्यक्ष
अपिहिमाल गाउँपालिका खण्डेश्वरी,दार्चुला

गाउँसभाबाट पारित मिति : २०७५-०३-१८

श्रीमान गाउँसभाका अध्यक्ष महोदय,

१.अपिहिमाल गाउँपालिका सरकारको दोस्रो बार्षिक बजेट अर्थात आर्थिक वर्ष २०७६/०७७ को बजेट तथा कार्यक्रम यस गरिमामय गाउँसभामा प्रस्तुतगर्न पाउँदा मैले अत्यन्त गौरवान्वित महसुस गरेकोछु।आजको यस गरिमामय तथा ऐतिहासिक अवसरमा राजनैतिक परिवर्तनकालागि विभिन्नतह र तप्कामा गरिएका आन्दोलनमा सहादत्त प्राप्त गर्नुहुने ज्ञात अज्ञात सम्पूर्ण बीर सहिदहरु प्रतीहार्दिक श्रदाञ्जली व्यक्त गर्दछु । आन्दोलनका क्रममा भएका घाईते तथा बेपत्ता नागरिकहरु प्रति सम्मान प्रकट गर्दै नेपालको समग्र आर्थिक,राजनैतिक एवम् सामाजिक परिवर्तनका लागि नेतृत्वदायि भूमिका निवार्ह गर्न सबै राजनितिक अग्रजप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

२. बहुजातिय,बहुभाषिक,वहुधार्मिक तथा भौगोलिक विविधायुक्त विशेषतालाई आत्मसाथ गरि विविधा बिचको एकता,सामाजिक,सांस्कृतिक एक्यवद्धता,सहिष्णुता र सदभावलाई संरक्षण एवं प्रवर्द्धन गर्दै वर्गीय,जातीय,क्षेत्रिय,भाषिक,धार्मीक,लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्यगरि आर्थिक समानता,समृद्धी र सामाजिक न्याय सुनिश्चितगर्न समानुपातिक समावेशी र सहभागिता मूलक सिद्धान्तका आधारमा
समानता मूलक समाजको निर्माण गर्न राष्ट्रिय संकल्पलाई आत्मसाथगर्दै संघिय सरकार र प्रदेश सरकारसंग
समन्वय,सहकार्य र सहअस्तीत्वको भावना अनूरुप कार्यगत एकतागर्दै यस गाउपालिकाको स्वाधिनता,समृदि,आत्मनिर्भरता र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्न हाम्रो एकमात्र साझा लक्ष्य रहेको छ ।

३. यो बजेट गाउँपालिका सरकारले लिएको आर्थिक समृदिको अभियानलाई मूर्तिकरण गर्ने सवल अर्थतन्त्रको कोशे ढुङगाको रुपमा रहने कुरामाविस्वस्थ छु ।

४. नेपाल सरकारको आर्थिक नीति,नेपाल राष्ट्र बैंकको मौद्रिकनीति र प्रदेश सरकारको बजेटसंग तादम्यता कायम हुने गरि यो बजेट तर्जुमा गरेको छु ।

५. मौजुदा वित्तिय श्रोतबाट जनताका असिमित आवश्यकता पूरा गर्न कठीन हुँदाहुदै पनि उपलब्ध श्रोत र साधनलाई जनअपेक्षा अनुरुप प्राथमिकरण गरि श्रोत व्यवस्थापन गर्न तर्फ प्रसस्त प्रयास गरेकी छु ।

६. नेपालको संविधानले परिकल्पना गरेको समाजवाद उन्मूख सिद्धान्तलाई मागदर्सन सिद्धान्तको रुपमा ग्रहण गर्दै सार्वजनिक,सहकारी र निजि क्षेत्रको सहभागिता रहने गरि आर्थिक नीति आत्मसाथ गरेर यो बजेटको मूलउदेश्य निर्धारण गरेको छु ।

७. नेपाल सरकारको १५ औं योजनाले परिलक्षित गरेको उदेश्यहरु सन २०२२ सम्म नेपाललाई अतिकम बिकसित मूलुकबाट विकासशील मूलुकमा रुपान्त्ररण गर्ने एवं सन २०३० सम्मदिगो विकासका लक्ष्यहरु हासिलगर्न निर्धारित “सुखी नेपाली,समृद्ध नेपाल”को सुविचारित समाजवादी नेपाली समाजको चरित्र समेत निर्धारण गरिएको अवस्थालाई ध्यानमा राखि ”सुखीनेपाली,समृद्ध नेपाल”का

उदेश्यलाई आत्मसाथगरि तत तत बिषयहरुको विकास तथा सहभागिताका लक्ष्य नजिक पुग्ने गरि यो बजेट प्रस्तुत गरेकी छु ।

अध्यक्षमहोदय,

८. अब म बजेट तथा कार्यक्रम प्रस्तुतगर्नु पूर्व वर्तमान आर्थिक स्थिति र अर्थतन्त्रका परिसूचकहरुको बारेमा संक्षेपमा प्रस्तुतगर्ने अनुमती चाहन्छु ।

अध्यक्षमहोदय,

९. आर्थिक वर्ष २०७५/०७६ को विनियोजित बजेट र त्यसको परिलक्षित अनुमानित  उपलब्धीका बारेमा गरिमामय गाउँसभाको अध्यक्ष मार्फत अपिहिमाल गाउँपालिका सरकारको नीति तथाकार्यक्रम मार्फत यस अघिको गाउँसभाबाट स्वीकृत प्रदानभएको व्यहोरा अवगत गराउँदछु ।

अध्यक्ष महोदय

पालिका भित्र स्रोतहरु परिचालन गरी समृद्धि हासिल गर्न सकिने प्रचुर सम्भवना भएर पनि पालिकाको अर्थतन्त्रमा रहेका मुलभुत चुनौतिहरुलाई निम्न बमोजिम प्रस्तुत गर्दछु ।

(क) राजस्व संकलनका श्रोतमाथि गाउँपालिकाको एकल अधिकार नहुनु ।

(ख) व्यवसायिक समाजको अभाव ।

(ग) संघिय सरकार, प्रदेश सरकार र अपिहिमाल गाउँपालिका सरकार सन्चालन, मौजुद ऐन, कानुनहरुको अस्पष्टता ।

(घ) मानव संसोधन तथा प्रयाप्त कौशलताको कमिले नयाँ श्रोतको पहिचान हुन नसक्नु ।

(ङ) कानुनको परिपालना सेवा प्रवाहमा तदारुकता र सुदृठ संक्षम संस्थागत सुशासन कायम गर्ने कार्यतर्फ ध्यान पुरेउन नसकिनु ।

(च) मौजुदा समाजिक मुल्य मान्यता र परम्परागत समाजबाट मुक्त हुन चाहने मनोविज्ञान विचको बड्दो संघर्ष ।

(छ) सकर्मणकालिन मनोविज्ञान वाट ग्रस्थ सरकारी मनोविज्ञान र सविधानतः हक अधिकार प्रयोग गर्न खोज्ने समाजिक  मनोविज्ञान बिचको खिचलो ।

अध्यक्ष महोदय

माथि उल्लेखित कठिनाइका वावजुत पनि पालिकाको दीगो विकास र समृद्ध विकास हासिल गर्ने लक्ष्यतर्फ उन्मुख रहनेगरी वजेट तयार गरेको छु । यस वजेटका उद्देश्यहरु निम्न बमोजिम रहेका छन् ।

अपिहिमाल गाउँपालिका

- नेपालको संविधानले प्रत्याभुत गरेका जनताका मौलिक हकहरु यथासक्य कार्यान्वयन गरी नागरिकका अधिकारहरुको अनुभुत गराउनु ।
- कृषि पर्यटन, जलश्रोत, वनजंगल,जडिबुटी,जमिन,एवं भौतिक पूर्वाधारको बिकास र बिस्तार गरि अपि हिमाल गाउँपालिकालाई समृद्धी तर्फ उन्मुख गराउनु ।
- उपलब्ध साधन स्रोत र अवसरको न्यायोचित विवरण मार्फत स्वाधिन र समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गर्नु ।
- लैङ्गीक समानता तथा सामाजिक समावेसिकरण उन्मुख सामाजिक रुपान्त्रणको वातावरणमा जनताको सहज पहुँचको प्रत्याभुत गर्ने दिसा उन्मुख ।

यि उदेश्य प्राप्त गर्नका लागि आगामी आर्थिक वर्षको बजेटका प्राथमिकताहरु देहाय बमोजिम निर्धारण गरेको छु ।

- संघीयता कार्यन्व्यनका लागि कानुनी तथा संस्थागत संरचनाको निर्माण
- पालिकाको सन्तुलित बिकास
- आवधिक बिकास योजना एवं क्षेत्रगत निति निर्माण
- गरिबि न्यूनिकरण उन्मुख कार्यक्रम
- कृषिमा व्यवसायिकरण
- आधारभुत पूर्वाधार बिकास
- वैज्ञानिक एवं प्रगतिशिल कर प्रणाली मार्फत राजश्व क्षमता अभिवृदि
- पालिकाको कुनै क्षेत्र बिशेष योगदान दिएको व्यक्तित्वहरुको सम्मान
- गुणष्तरिय तथा व्यवसायिक शिक्षाको विकास
- आधारभुत र आकष्मिक स्वास्थ्य सेवामा नागरिकको सहज पहुच
- सूचना प्रविधि मैत्री प्रशासनको विकास
- एकीकृत सम्पत्ती कर प्रणालीको बिकास
- स्वरोजगार उन्मुख कार्यक्रम सञ्चालन
- शान्ति सुरक्षा एवं अपराध मूक्त समाजको बिकास
- जलस्रोतको बहुआयामिक उपयोग गर्दै उज्यालो अपिको कार्यान्वयन लक्षित
- कृषिमा व्यवसायिकीकरण
- परिणाममुखी कार्यक्रमहरु

अध्यक्ष महोदय, अब म आर्थिक वर्ष २०७६/०७७ को बजेट तथा कार्य प्रस्तुत गर्न अनुमति चाहान्छु ।

१.५ अपिहिमाल गाउँपालिका सरकारको नीति तथा कार्यक्रम लागु गर्न संघीय सरकार तथा प्रदेश सरकार संग समन्वय,साझेदारी गरि उपलब्ध सीप,पुँजी र क्षमताको प्रभावकारी उपयोग गर्ने निजी तथा सरकारी क्षेत्रसंग सहकार्य गरिने छ ।

अपिहिमाल गाउँपालिका

१.६ गाउँपालिकाका शिक्षा,स्वास्थ्य,कृषि, खानेपानी तथा स्वरोजगार जस्ता मानव बिकास सुचाङ्क पूर्वाधारको आवश्यकता हेरि सम्बन्धित क्षेत्रमा बजेट विनियोजन गरेको छु।

**सभाध्यक्ष महोदय, अव म आगामी आर्थिक वर्षको आय प्रक्षेपणको विवरण पेश गर्न चाहन्छु।**

राजश्व परामर्श समितिको सिफारिस अनुसार आगामी आ.व. २०७६/०७७ मा गाउँपालिकाले लगाउने कर तथा शुल्क, दस्तुर आदिबाट कुल १४ लाख आन्तरिक आय प्राप्त हुने अनुमान गरिएको छ, त्यसैगरी चालु आ.व. को मौज्दात रकम रु. ५ करोड २ लाख २० हजार ९ सय चौसठ्ठी हुने अनुमान गरिएको छ।

आ.व. २०७६/७७ मा यस गाउँपालिकाको लागि संघीय सरकार र प्रदेश सरकाबाट प्राप्त हुने बित्तीय सामानीकरण तथा राजश्व बाँडफाँड अनुदानको देहाएवमोजिम रहेको छ।

- संघीय वित्तिय समानिकरण अनुदान रु. ६ करोड ६१ लाख ,
- प्रदेश बित्तीय सामानिकरण अनुदान रु. ६७ लाख ७३ हजार,
- संघीय राजश्व बाँडफाँड वाट रु. ४ करोड ७९ लाख
- प्रदेश राजश्व बाँडफाँड वाट रु. ५ लाख ७६ हजार,
- रोयल्टी वाडफाँड ३ लाख ४४ हजार ९ सय चौसठ्ठी।
- आन्तरिक राजस्व १४ लाख
- संघिय सरकारवाट प्राप्त शसर्त अनुदान ९ करोड ३६ लाख
- संचित कोष २ करोड

उल्लेखित संघिय सरकारवाट प्राप्त शसर्त अनुदान , राजश्व बाँडफाँड, वित्तिय समानिकरण अनुदानएवं सम्भावित राजश्वएवं आ.ब. २०७६/७७ मा बचत हुने सम्भाव्य संचित कोष समेतका आधारमा आर्थिक वर्ष २०७६/७७ को कुल बजेट रु. २३,६७,१३,९६४। (तेइस करोड सतसठ्ठी लाखतेह्र हजार नौ सय चौसठ्ठी) रुपैया हुनेछ।

अध्यक्ष महोदय

अब म आ.ब. २०७६।०७७ को चालु र पुँजीतर्फको खर्च अनुमान बजेट पेश गर्न अनुमती चाहँन्छु।

| अपिहिमाल गापा आर्थिक वर्ष २०७६/०७७ को चालु तर्फको बार्षिक बजेट | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | खर्च आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | संकेतनं | कार्यालय | विनियोजित बजेट रु. | थप | घट | कुल विनियोजित बजेट रकम रू. | कैफियत |
| १ | पारिश्रमिक कर्मचारी | २११११ | | ११२५३३७० | | | ११२५३३७०.०० | १ करोड १२ लाख ५३ हजार ३ सय ७० |
| २ | पारिश्रमिक पदाधिकारी | २१११२ | | ३६३६००० | | | ३६३६०००.०० | ३६ लाख ३६ हजार |
| ३ | पोशाक भत्ता | २११२१ | | ३१०००० | | | ३१००००.०० | ३ लाख १० हजार |
| ४ | स्थानीय भत्ता | २११३१ | | २६६३४०० | | | २६६३४००.०० | २६ लाख ६३ हजार ४ सय |
| ५ | महंगी भत्ता | २११३२ | | ७४४००० | | | ७४४०००.०० | ७ लाख ४४ हजार |
| ६ | कर्मचारीको बैठक भत्ता | २११३४ | | २००००० | | | २०००००.०० | २ लाख |
| ७ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | २११३५ | | ६००००० | | | ६०००००.०० | ६ लाख |
| ८ | अन्य भत्ता | २११३९ | | १००००० | | | १०००००.०० | १ लाख |
| ९ | पदाधिकारि बैठक भत्ता | २११४१ | | ५००००० | | | ५०००००.०० | ५ लाख |
| १० | पदाधिकारि अन्य सुविधा | २११४२ | | १००००० | | | १०००००.०० | १ लख |
| ११ | कर्मचारी कल्याण कोष | २१२१४ | | ५००००० | | | ५०००००.०० | ५ लाख |
| १२ | पानी तथा बिजुली | २२१११ | | १००००० | | | १०००००.०० | १ लाख |
| s | संचार महसुल | २२११२ | | ५००००० | | | ५०००००.०० | ५ लाख |
| १४ | इन्धन (पदाधिकारि) | २२२११ | | १००००० | | | १०००००.०० | १ लाख |
| १५ | ईनधन (कार्यालय प्रयोजन) | २२२१२ | | १००००० | | | १०००००.०० | १ लाख |
| १६ | सावारि साधन मर्मत खर्च | २२२१३ | | १००००० | | | १०००००.०० | १ लाख |

अपिहिमाल गाउँपालिका

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १७ | विमा तथा नवीकरण | २२२१४ | | २०००० | | | २००००.०० | २० हजार |
| १८ | मेशिनरि तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २२२२१ | | २००००० | | | २०००००.०० | २ लाख |
| १९ | निम्रित सार्वजनिक सम्पतिको मर्मत सम्भार खर्च | २२२३१ | | २००००० | | | २०००००.०० | २ लाख |
| २० | मसलन्द तथा कार्यालय सामग्री खर्च | २२३११ | गा.पा | ३०००००० | | | ३००००००.०० | ३० लाख |
| २१ | ईनधन (अन्य प्रयोजन) | २२३१४ | | २००००० | | | २०००००.०० | २ लाख |
| २२ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २२३१५ | | १०००००० | | | १००००००.०० | १० लाख |
| २३ | अन्य कार्यालय संचालन खर्च | २२३१९ | | | | | ०.०० | |
| २४ | सेवा परामर्श खर्च | २२४११ | | ५००००० | | | ५०००००.०० | ५ लाख |
| २५ | सुचना प्रणालि तथा सफ्टवेयर संचालन खर्च | २२४१२ | | २५०००० | | | २५००००.०० | २ लाख ५० हजार |
| २६ | करार सेवा शुल्क | २२४१३ | | १३१२५८०० | | | १३१२५८००.०० | १ करोड ३१ लाख २ हजार ८ सय |
| २७ | अन्य सेवा शुल्क | २२४१९ | | ४००००० | | | ४०००००.०० | ४ लाख |
| २८ | कर्मचारि तालिम खर्च | २२५११ | | ५००००० | | | ५०००००.०० | ५ लाख |
| २९ | सीप विकास र जनचेतना तालीम र गोष्ठी | २२५१२ | | २५०००० | | | २५००००.०० | २ लाख ५० हजार |
| ३० | कार्यक्रम खर्च | २२५२२ | | ५००००० | | | ५०००००.०० | ५ लाख |
| ३१ | विविध कार्यक्रम खर्च | २२५२९ | | ० | | | ०.०० | |
| ३२ | अनुगमन | २२६११ | | २३००००० | | | २३०००००. | २३ लाख |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | मूल्यांकनखर्च | | | | | | ०० | |
| ३३ | भ्रमण खर्च | २२६१२ | | ५००००० | | | ५०००००.०० | ५ लाख |
| ३४ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | २२६१३ | | २००००० | | | २०००००.०० | २ लाख |
| ३५ | अन्य भम्रण खर्च | २२६१९ | | ० | | | ०.०० | |
| ३६ | विविध खर्च | २२७११ | | १३६८३९४ | | | १३६८३९४.०० | १३ लाख ६८ हजार ३ सय ९४ |
| ३७ | सभा सञ्चालन खर्च | २२७२१ | | ६००००० | | | ६०००००.०० | ६ लाख |
| ३८ | अन्य सामाजिक सुरक्षा | २७११२ | | ४००००० | | | ४०००००.०० | ४ लाख |
| ३९ | छात्रवृत्ति | २७२११ | | १००००० | | | १०००००.०० | १ लाख |
| ४० | उद्दार,राहत,तथा पुनस्थापना खर्च | २७२१२ | | ५००००० | | | ५०००००.०० | ५ लाख |
| ४१ | घरभाडा | २८१४२ | | ८००००० | | | ८०००००.०० | ८ लाख |
| ४२ | सावारि साधन तथा मेशिनरी औजार भाडा | २८१४३ | | ५००००० | | | ५०००००.०० | ५ लाख |
| ४३ | मेशिनरी तथा औजार | ३११२२ | | १३००००० | | | १३०००००.०० | १३ लाख |
| यस आ ब को कुल जम्मा | | | | ५०५२०९६४ | ० | ० | ५०२२०९६४.०० | ५ करोड २ लाख २० हजार ९ सय ६४ |

| | |
|---|---|
| क) राजश्वबाँडफाँड संघीय | ४७९०००००.०० |
| ख) राजश्वबाँडफाँड प्रदेश | ५७६००००.०० |
| ग) आन्तरिक स्रोत | १४०००००.०० |
| घ) आन्तरिक ऋण | ०.०० |
| ङ) रोयल्टि वाँडफाँड | ३४४९६४.०० |
| जम्मा | ५०२२०९६४.०० |

| | आर्थिक विकास तर्फ | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क.स. | आयोजनाको नाम | वडा नं. | अनुमानित लागत | विषयगत क्षेत्र | उपक्षेत्र | कार्यान्वयन निकाय | योजना |
| 1 | भेडापालन भेटेरीनरी तर्फ | भेटेरीनरी | 1,500,000 | आर्थिक विकास | कृषि | गापा क्षेत्र | नया |
| 2 | महिला उद्यमशिलता | गाउपालिका | 500,000 | आर्थिक विकास | विविध | गापा क्षेत्र | नया |
| 3 | दलित आरन भवन निर्माण ( गैरी, तिम्ला, ककनाडी) | अपिहिमाल ४,५,६ | 300,000 | आर्थिक विकास | विविध | गापा क्षेत्र | नया |
| 4 | बैकिगं कार्यक्रम एक व्यक्ति एक खाता कार्यक्रम | गाउपालिका | 100,000 | आर्थिक विकास | विविध | गापा क्षेत्र | नया |
| 5 | मौरीपालन | गाउपालिका | 50,000 | आर्थिक विकास | कृषि | गापा क्षेत्र | नया |
| 6 | वडा नं. ४ मा आरन सामग्री खरिद (१ लाख खत्तोली र १ लाख चिल्डुग्रा) | अपि हिमाल ४ | 200,000 | आर्थिक विकास | विविध | गापा क्षेत्र | नया |
| 7 | तानसेन निरज स्वरोजगार कार्यक्रम (सिपमुलक कार्यक्रम) | गाउपालिका | 1,000,000 | आर्थिक विकास | विविध | गापा क्षेत्र | नया |
| 8 | घुसा होमस्टे | अपि हिमाल २ | 100,000 | पुर्वाधार विकास | पर्यटन | गापा क्षेत्र | नया |
| | जम्मा | | 3,750,000 | | | | |

| | सामाजिक विकास तर्फ | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क.स | आयोजनाको नाम | वडा नं. | अनुमानित लागत | विषयगत क्षेत्र | उपक्षेत्र | कार्यान्वयन निकाय | योजना |
| 1 | ड्रोन खरिद स्वास्थ्य शाखा तर्फ | स्वास्थ्य शाखा | 300,000 | सामाजिक विकास | स्वास्थ्य | गापा क्षेत्र | नया |
| 2 | औजार खरिद स्वास्थ्य शाखा तर्फ | स्वास्थ्य शाखा | 200,000 | सामाजिक विकास | स्वास्थ्य | गापा क्षेत्र | नया |
| 3 | किशोरकिशारी उपाध्यक्ष कार्यक्रम | गाउपालिका | 500,000 | सामाजिक विकास | शिक्षा | गापा क्षेत्र | नया |
| 4 | अध्यक्ष विद्यालय विद्यार्थी सहकार्य  कार्यक्रम | गाउपालिका | 500,000 | सामाजिक विकास | शिक्षा | गापा क्षेत्र | नया |

अपिहिमाल गाउँपालिका

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 5 | शिक्षा क्षेत्र सुधार कार्यक्रम | गाउपालिका | 13,503,800 | सामाजिक विकास | शिक्षा | गापा क्षेत्र | नया |
| 6 | खेलकुद विकास | गाउपालिका | 1,500,000 | सामाजिक विकास | खेलकुद तथा मनोरञ्जनआ | गापा क्षेत्र | नया |
| 7 | अपागं सहयोग कार्यक्रम | गाउपालिका | 100,000 | सामाजिक विकास | लैगिक समानता तथा सामाजिक समावेशीकरण | गापा क्षेत्र | नया |
| 8 | जेष्ठ नागरिक | गाउपालिका | 500,000 | सामाजिक विकास | विविध | गापा क्षेत्र | नया |
| 9 | पर्व दिवस समारोह | गाउपालिका | 150,000 | सामाजिक विकास | विविध | गापा क्षेत्र | नया |
| 10 | प्रहरी आवास व्यवस्थापन तथा सामुदायिक प्रहरी कार्यक्रम | प्रहरी चौकी | 500,000 | सामाजिक विकास | विविध | गापा क्षेत्र | नया |
| 11 | न्यायिक समिति मेलमिलाप कार्यक्रम | गाउपालिका | 300,000 | सामाजिक विकास | विविध | गापा क्षेत्र | नया |
| 12 | न्यायिक समितिलाई तालिम | गाउपालिका | 100,000 | सामाजिक विकास | विविध | गापा क्षेत्र | नया |
| 13 | सुआहारा कार्यक्रम | सम्पुरक | 1,500,000 | सामाजिक विकास | विविध | गापा क्षेत्र | नया |
| 14 | विद्यालय स्तरीय गृहकार्य पुस्तिका कार्यान्वयन अभियान कार्यक्रम | गाउपालिकाभरी | 1,000,000 | सामाजिक विकास | शिक्षा | गापा क्षेत्र | नया |
| 15 | दैभात  खोलाला मन्दिर निर्माण | वडा नं. २ | 100,000 | सामाजिक विकास | संस्कृति प्रवर्द्धन | गापा क्षेत्र | नया |
| 26 | डाडाबाग मन्दिर निर्माण | अपि हिमाल ५ | 300,000 | सामाजिक विकास | संस्कृति प्रवर्द्धन | गापा क्षेत्र | नया |
| 17 | महादेब मन्दिर घेरपर्खाल | अपि हिमाल २ | 150,000 | सामाजिक विकास | संस्कृति प्रवर्द्धन | गापा क्षेत्र | नया |
| 18 | डाडाबाग मन्दिर निर्माण तथा खानेपानी १ लाख वडाको बजेट सहित | अपि हिमाल ६ | 250,000 | सामाजिक विकास | संस्कृति प्रवर्द्धन | गापा क्षेत्र | नया |
| 19 | चौड दुदिला मन्दिर | अपि हिमाल ३ | 300,000 | सामाजिक विकास | संस्कृति प्रवर्द्धन | गापा क्षेत्र | नया |
| 20 | खात्ती डाडाबाग मन्दिर निर्माण | अपि हिमाल ४ | 130,000 | सामाजिक विकास | संस्कृति प्रवर्द्धन | गापा क्षेत्र | नया |

अपिहिमाल गाउँपालिका

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 21 | ल्वाथी महादेव मन्दिर निर्माण | वडा नं. १ | 200,000 | सामाजिक विकास | संस्कृति प्रवर्द्धन | गापा क्षेत्र | नया |
| | जम्मा | | 22,083,800 | | | | |

| | **पुर्वाधार विकास तर्फ** | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **क्र.स.** | **आयोजनाको नाम** | **वडा नं.** | **अनुमानित लागत** | **विषयगत क्षेत्र** | **उपक्षेत्र** | **कार्यान्वयन निकाय** | **योजना** |
| 1 | गोगनपानी सौगन्ना पिसीसी बाटो | अपि हिमाल ५ | 1,500,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | क्रमागत |
| 2 | लुम्थी पिसीसी बाटो | अपि हिमाल ५ | 500,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | क्रमागत |
| 3 | खतोली पिसीसी बाटो | अपि हिमाल ४ | 500,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | क्रमागत |
| 4 | देउरुख पिसीसी बाटो | अपि हिमाल ४ | 500,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | क्रमागत |
| 5 | खलकोट पिसीसी बाटो | अपि हिमाल ४ | 1,000,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | क्रमागत |
| 6 | चौबिसन पिसीसी बाटो | अपि हिमाल ४ | 500,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | क्रमागत |
| 7 | मरखोला पिसीसी बाटो | अपि हिमाल ४ | 500,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | क्रमागत |
| 8 | चिलडुगा पिसीसी बाटो | अपि हिमाल ४ | 500,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | क्रमागत |
| 9 | खात्ती पिसीसी बाटो | अपि हिमाल ४ | 500,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | क्रमागत |
| 10 | नौपाटा देखि बजार सम्मको बाटो पिसीसी निर्माण | अपि हिमाल ४ | 800,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | क्रमागत |
| 11 | घाजिर पिसीसी बाटो | अपि हिमाल ३ | 1,000,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | क्रमागत |
| 12 | सिमार पिसीसी बाटो | अपि हिमाल ३ | 500,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | क्रमागत |
| 13 | पाथा पिसीसी बाटो | अपि हिमाल ३ | 1,000,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | क्रमागत |
| 14 | थुम्ती पिसीसी ढलनिकास | अपि हिमाल ३ | 1,000,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | क्रमागत |
| 15 | सम्भाड पिसीसी बाटो | अपि हिमाल ३ | | पुर्वाधार | विविध | गापा क्षेत्र | क्रमागत |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | 500,000 | विकास | | | |
| 16 | खिर्सा पिसीसी बाटो | अपि हिमाल ३ | 1,000,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | क्रमागत |
| 17 | घुसा पिसीसी बाटो | अपि हिमाल २ | 1,000,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | क्रमागत |
| 18 | लिथी पिसीसी बाटो | अपि हिमाल २ | 300,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | क्रमागत |
| 19 | पाटु पिसीसी बाटो | अपि हिमाल २ | 500,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | क्रमागत |
| 20 | आरुखोड पिसीसी बाटो | अपि हिमाल १ | 500,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | क्रमागत |
| 21 | सिती पिसीसी बाटो | अपि हिमाल १ | 1,000,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | क्रमागत |
| 22 | खडियान चायमटेला घो.बा. | अपि हिमाल ६ | 500,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | क्रमागत |
| 23 | देउली मजजे घो.बा. | अपि हिमाल ६ | 500,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | क्रमागत |
| 24 | खडियान ढलनिकास | अपि हिमाल ६ | 300,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | क्रमागत |
| 25 | मकरी दैभात सम्पन्न घो.बा. | अपि हिमाल २ | 1,000,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | क्रमागत |
| 26 | धम्भाड घो.बा. | अपि हिमाल २ | 200,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | क्रमागत |
| 27 | क्षेती नया सिलेट बाटो | अपि हिमाल ३ | 500,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | क्रमागत |
| 28 | महिला भवन खतोली | अपि हिमाल ४ | 250,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | नया |
| 29 | सार्वजनिक धारा जिबजेनी | अपि हिमाल ३ थुम्ती | 150,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | नया |
| 30 | सामुदायिक भवन झुस्कु | अपि हिमाल ३ | 150,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | नया |
| 31 | झस्कु ढलनिकास पाइप खरिद | अपि हिमाल ३ | 20,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | नया |
| 32 | आरुखोडमा पुर्ण सरसफाइ चागं जुठयान निर्माणमा सहयोग | वडा नं. १ | 100,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | नया |

अपिहिमाल गाउँपालिका

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 33 | ४ वटा  कल्भट सहित पिसीसी ढलनिकास | वडा नं. १ | 600,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | नया |
| 34 | घुसा, लिथी, पाटु, सकार कल्भट निर्माण | वडा नं. २ | 200,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | नया |
| 35 | साकार देखि खन्नेधार घो.बा. | वडा नं. २ | 200,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | नया |
| 36 | घुसा पारी डाडा ढलनिकास | वडा नं. २ | 400,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | नया |
| 37 | गन्ना ढलनिकास | वडा नं. २ | 100,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | नया |
| 38 | काटै पिसीसी बाटो निर्माण | वडा नं. ३ | 500,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | नया |
| 39 | तोथ्थी कल्भट घो.बा. निर्माण | वडा नं. ३ | 100,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | नया |
| 40 | मरखोला आवि देखि राउला सम्म खडच्ची बाटो | वडा नं. ३ | 200,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | नया |
| 41 | भटटार खडच्ची बाटो | वडा नं. ३ | 200,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | नया |
| 42 | काल्जौबोया पिसीसी बाटो र नाली  निर्माण | वडा नं. ३ | 300,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | नया |
| 43 | हुरुगंफुल छिपचेनी घो.बा. | वडा नं. ३ | 50,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | नया |
| 44 | रायो पाकेट क्षेत्र काठेतार पाथा | वडा नं. ३ | 100,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | नया |
| 45 | पुर्ण सरसफाइ चागं जुठयान घाजिर | वडा नं. ३ | 50,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | नया |
| 46 | मरखोल स्कुल देखि  गोडे खोला हुदै खत्तोली | वडा नं. ४ | 250,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | नया |
| 47 | मरखोला स्कुल शौचालय | वडा नं. ४ | 400,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | नया |
| 48 | लम्थ्यागं गोरेटो बाटो | वडा नं. ४ | 150,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | नया |
| 49 | खलकोट मुहान संरक्षण | वडा नं. ४ | 400,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | नया |
| 50 | पुर्ण सरसफाइ का लागि चागं जुठयान | वडा नं. ४ | 100,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | नया |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 51 | छडेखोला पिसीसी बाटो निर्माण | वडा नं. ४ | 200,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | नया |
| 52 | वडा कार्यालय भवन निर्माण कार्यक्रम | वडा नं. ५ | 2,000,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | नया |
| 53 | खडियान गाउघर क्लिनिकमा शौचालय र खानेपानी निर्माण | वडा नं. ६ | 200,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | नया |
| 54 | मज्जे गाउघर क्लिनिक निर्माण | वडा नं. ६ | 200,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | नया |
| 55 | घटटेखोला काठेपुल निर्माण | वडा नं. ६ | 100,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | नया |
| 56 | चौकीबगर सिचाइ | वडा नं. ६ | 400,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | नया |
| 57 | पाडचिम्फु गोरेटो बाटो निर्माण | वडा नं. ६ | 200,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | नया |
| 58 | ककनाडी पानीमुल गोरेटो बाटो निर्माण | वडा नं. ६ | 300,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | नया |
| 59 | सितोला मा ४ वटा सोलार पोल हाउस | अपि हिमाल ६ | 500,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | नया |
| 60 | पिसीसी सिडी मकरीकोट | सम्पुरक | 16,650,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | नया |
| 61 | ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना | सम्पुरक | 6,400,000 | पुर्वाधार विकास | खनेपानी | गापा क्षेत्र | नया |
| 62 | झोलुगे पुल | सम्पुरक | 600,000 | पुर्वाधार विकास | झोपु | गापा क्षेत्र | नया |
| 63 | विद्युत कटेलीगाड | सम्पुरक | 1,500,000 | पुर्वाधार विकास | उर्जा | गापा क्षेत्र | नया |
| 64 | मज्जे खोला लघु जलविद्युत योजना | सम्पुरक | 3,000,000 | पुर्वाधार विकास | उर्जा | गापा क्षेत्र | नया |
| 65 | लुम्थी घो.बा. क्रमागत | अपि हिमाल ५ | 200,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | नया |
| 66 | डिपीआर को भुक्तानी बाकी | गाउपालिका | 1,500,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | नया |
| 67 | फिरपाट खडच्ची बाटो | अपि हिमाल ६ | 200,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | नया |
| 68 | सुर्मा भवानी आवि घेरपर्खाल | अपि हिमाल ३ थुम्ती | 200,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | नया |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 69 | एकल सल्ली गंद खायकोट घो.बा. निर्माण | अपि हिमाल ३,१ | 1,000,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | नया |
| 70 | पुल मर्मत १० लाख ककनाडी १ पुल संरक्षण | गाउपालिका | 1,100,000 | पुर्वाधार विकास | झोपु | गापा क्षेत्र | नया |
| 71 | मझगाउ देखि जैरेआफर सम्म खडच्ची बाटो निर्माण | अपि हिमाल ४ | 250,000 | पुर्वाधार विकास | विविध | गापा क्षेत्र | नया |
| | **जम्मा** | | **59,770,000** | | | | |

| | **वातावरण तथा विपद व्यवस्थापन तर्फ** | **वडा नं.** | **अनुमानित लागत** | **विषयगत क्षेत्र** | **उपक्षेत्र** | **कार्यान्वयन निकाय** | **योजना** |
|---|---|---|---|---|---|---|---|
| **क्र.स.** | **आयोजनाको नाम** | **वडा नं.** | **अनुमानित लागत** | **विषयगत क्षेत्र** | **उपक्षेत्र** | **कार्यान्वयन निकाय** | **योजना** |
| 1 | विपद व्यवस्थापन | गाउपालिका | 1,000,000 | वातावरण तथा विपद व्यवस्थापन | विपद व्यवस्थापन | गापा क्षेत्र | नया |
| 2 | वातावरण संरक्षण तथा पर्यावरण | गाउपालिकाभरी | 500,000 | वातावरण तथा विपद व्यवस्थापन | विविध | गापा क्षेत्र | नया |
| | **जम्मा** | | **1,500,000** | | | | |

शुशासन तथा संस्थागत विकास

| **क्र.स.** | **आयोजनाको नाम** | **वडा नं.** | **अनुमानित लागत** | **विषयगत क्षेत्र** | **उपक्षेत्र** | **कार्यान्वयन निकाय** | **योजना** |
|---|---|---|---|---|---|---|---|
| 1 | सुशासन तर्फ | वडा नं. १ | 100,000 | शुशासन तथा संस्थागत विकास | | गापा क्षेत्र | नया |
| 2 | गाडी खरिद | गाउपालिका | 4,900,000 | शुशासन तथा संस्थागत विकास | | गापा क्षेत्र | नया |
| 3 | शुशासन तर्फ | गाउपालिकाभरी | 300,000 | शुशासन तथा संस्थागत विकास | | गापा क्षेत्र | नया |
| 4 | एफ एम टावर | गाउपालिकाभरी | 469,200 | शुशासन तथा संस्थागत विकास | | गापा क्षेत्र | नया |
| | **जम्मा** | | **5,769,200** | | | | |

गाउँपालिका व्यवस्थित रुपले संचालन गर्न पुँजीगत खर्चमा ५ प्रतिशत कन्टेन्जेन्सी काटी योजनाको सम्झौता गरिने व्यवस्था गरिनेछ ।

आदरणिय, सभाध्यक्ष ज्यू गरिमामय गाउँसभाका सदस्यहरु ज्यू, एवं उपस्थित सम्पूर्ण महानुभावहरु

अपिहिमाल गाउँपालिकाका सरकारको बजेट तयारीको क्रममा विभिन्न चरणमा मार्गनिर्देशन वडा अध्यक्ष ज्यू हरु,कार्यपालिकाका सदस्य ज्यूहरु,बिषयगत समितिका संयोजक तथा सदस्य ज्यूहरु,गा.पा.का कर्मचारीहरु, बिषयगत कार्यालयका प्रमुख एवं प्रतिनिधिहरु,नागरिक समाज उद्योग वाणिज्य संघ,पत्रकार मित्रहरु,सुरक्षाकर्मीहरु लगायत अन्य सरोकारवालाहरुमा समेत हार्दिक आभार व्यक्त गर्दछु । त्यसै गरि सहभागीतात्मक योजना तर्जुमाको प्रकृया सुरुवातमा सहभागी भई यस कार्यक्रम सम्म सफलताका साथ ल्याई पुऱ्याउन सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरुलाई विशेष धन्यवाद दिन चाहान्छु ।

अपिहिमाल गाउँपालिका